# सलाह (नमाज) को वर्णन


लेखक:

मौलाना मुख्तार अहमद 'नदवी'

अनुवादक:

अबू रियाज़ ज़मीर अहमद मदनी



60

COOPERATIVE OFFICE FOR CAll AND GUIDANCE

17/1/1426H

# सलाह (नमाज)
# को वर्णन

लेखक:
**मौलाना मुख्तार अहमद 'नदवी'**

अनुवादक:
**अबू रियाज़ ज़मीर अहमद मदनी**

ح المكتب التعاوني للدعوة والإرشاد بالبطحاء، ١٤١٩هـ

فهرسة مكتبة الملك فهد الوطنية أثناء النشر
الندوي ، مختار أحمد
كتاب الصلاة. - الرياض.
٤٤ ص ؛ ١٧X١٢ سم
ردمك: X-٥٠-٧٩٨-٩٩٦٠
(النص باللغة النيبالية)
١- الصلاة
أ- العنوان
ديوي ٢٥٢,٢ ١٩/١٨٣٢

رقم الإيداع: ١٩/١٨٣٢
ردمك: X-٥٠-٧٩٨-٩٩٦٠

# संघीय कार्यालय आमन्त्रण व प्रदर्शक, बतहा

पो॰ बक्स २०८२४, रियाद ११४६५
दूरभाष : ४०३०२५१ - ४०३४५१७ - ४०३१,५८७,
फैक्स ४०५९३८७

अनुबन्धित

## मंत्रिमण्डल इस्लामिक विष्य, औकाफ एवं आमन्त्रण व निर्देश

प्रिन्टिंग अधिकार कार्यालय के लिए सुरक्षित

# विषयहरू

१. दुईशब्द ..................................... ५
२. इस्लामका स्तम्भहरू ............................. ७
३. सलाह (नमाज) हरू ............................. ७
४. नमाजका रकातहरूको संख्या ..................... ८
५. वजूको तरीका ..................................... ८
६. वजूपछिको दुआ ................................. १०
७. वजू भंग हुने कारणहरू .......................... १०
८. मोजा माथि मसह ................................ ११
९. तयम्मुमको वर्णन ................................ ११
१०. अजानको वर्णन .................................. १२
११. इकामत (तकबीर) को वाक्य ..................... १३
१२. अजानको उत्तर ................................. १४
१३. इकामतको उत्तर ................................ १४
१४. अजानपछिको दुआ .............................. १५
१५. दरूद शरीफ .................................... १५
१६. मस्जिदमा प्रवेश गर्ने बेलाको दुआ ............... १७
१७. मस्जिदबाट निस्कने बेलाको दुआ ................. १७

१८. नमाजको मसनून तरीका ...................... १८
१९. दुआए इसतिफताह ............................... १८
२०. ध्यान दिने योग्य कुरो .......................... १९
२१. सूरः अल–फातिहा ............................... १९
२२. सूरः अल–इख्लास ............................... २०
२३. रूकूअको वर्णन .................................. २१
२४. रूकूअको दुआ .................................... २१
२५. कौमाका दुआहरू ................................. २१
२६. सज्दाको वर्णन ................................... २२
२७. सज्दाको दुआ ..................................... २३
२८. जल्सए इस्तेराहतको वर्णन ........................ २३
२९. तशहहूदको दुआ .................................. २४
३०. अन्तिम कअ्दः ..................................... २५
३१. दरूद शरीफ ....................................... २६
३२. दरूद शरीफपछिका दुआहरू ...................... २६
३३. सलामपछिका दुआ र अजकार ..................... २७
३४. आयतल कुर्सी ..................................... २९
३५. वित्रको नमाज ..................................... ३०
३६. दोआए कनूते वित्र ................................ ३०

३७. वित्रपछिको जिक्र वा दुआ ........................ ३१
३८. कनूते-ए-नाजिला ................................ ३२
३९. नमाजका लागि आवश्यक कुराहरू ............. ३३
४०. जुमाको वर्णन ................................... ३४
४१. ईदैन (दूई तिहार) को नमाजको वर्णन ......... ३५
४२. ईदैनको तक्बीर .................................. ३५
४३. नमाज-जनाज: (अन्त्येष्ठि-प्रार्थना) को वर्णन .. ३६
४४. नमाज-जनाज:को दुआ तथा विधि .............. ३६

# दुई शब्द

सबै प्रशंसा अल्लाहको लागि नै हो, जो सम्पूर्ण जगत-को प्रभु हो । अल्लाहको कृपा होस् मुहम्मद (स॰ अ॰ व॰) माथी, उनको परिवार र उनका साथीहरू माथि !

प्यारा साथी-भाईहरू, यो सानो पुस्तिका जुन तपाईंको हातमा छ, यो अल्लाहको महान कृपा तथा आशीर्वादबाट पूर्ण भएको छ । यो पुस्तिका मौलाना मुख्तार अहमद नदवी द्वारा लिखित "सलातुन्नवी" भन्ने पुस्तकको नेपाली अनुवाद हो । यो पुस्तिका पूर्ण रूपले सुन्नत (इस्लामिक कानून) मा आधारित छ र यो सबैको लागि उपयोगी हुनेछ । यस पुस्तिकामा दुआहरूको अरबी उच्चारण नेपालीमा लेखीएको छ, जुन (दुआ) नमाज आदिमा पढ़िन्छन् र जुन साथीहरूलाई अरबी भाषाको ज्ञान छैन तिनले सजिलैसंग आवश्यक दुआहरू यस पुस्तिकाको सहायताले पढ़न सक्छन् । हाम्रो यस सानो प्रयासबाट कसैलाई राम्ररी नमाज पढ़ने मार्गदर्शन भइयो भन्ने हाम्रो यो कर्म अल्लाहले स्वीकार गरेको छ भन्ने बुझनेछौं ।

हामी आमन्त्रण तथा मार्गदर्शन सहयोगी कार्यालय "**बतहा**" का आभारी छौं कि तिनले यो पुस्तिका नेपाली भाषामा अनुवाद गर्न हामीलाई दिए ।

अन्तमा अल्लाहसित प्रार्थना छ कि उसले हामीलाई सोझो मार्ग देखाओस् र तपाईंका सबै इबादत (उपासना) हरूलाई स्वीकार गरोस् । अल्लाहको लागि नै सबै प्रशंसा हो ।

प्रार्थी

**अबू रियाज़ ज़मीर अहमद मदनी**

**रियाद सऊदी अरब**

05/08/98

*बिस्मिल्ला हिर्रहमानिर्रहीम*

# इस्लामका स्तम्भहरू

इस्लामको आधारशिला पाँच कुरहरूमा आधारित छ ।

१- कलमा शहादत (गवाहीको मन्त्र)

**अश्हदोअन्न लाइलाह इल्लल्लाहु व अश्हदो अन्न मुहम्मदन् अब्दुहु व रसूलुहु**

"म गवाही दिन्छु कि अल्लाह (ईश्वर) को अतिरिक्त कोही पूजनीय छैन तथा मुहम्मद (सल्ल॰) अल्लाहका रसूल (दूत) हुन् ।"

२- दिन तथा रात्रिमा पाँच पटक नमाज़ पढ्नु ।

३- जकात (धर्मदाय) दिनु

४- रमजानको महीनामा रोजा (ब्रत) बस्नु ।

५- यदि खर्चा गर्ने योग्य सम्पत्ति र स्वास्थ्य छ भन्ने अल्लाहको घर (काबा) को हज (दर्शन) गर्नु । (मुस्लिम शरीफ)

# नमाज़ (सलाह)

नमाज (ईश्वरको पूजा) दिन र रात्रिमा पाँच पटक अनिवार्य छ । यी नमाजहरू हुन्: फज्र, जोह्र, अस्र, मगरिब र इशा । जोह्र र अस्र दिनमा पढिने नमाज

हुन्, मगरिब र इशा रात्रिमा पढिने नमाज हुन् तथा फज्र विहान को नामज हो।

## नमाजका रकातहरूको संख्या

**१- फज्रको नमाज्ञ** :- पहिला दुई रकात सुन्नतहरू फेरी दुई रकात फर्ज।

**२- जोहर को नमाज** :- पहिला चार सुन्नतहरू ; फेरी चार फर्ज तथा फेरी दुई सुन्नतहरू।

**३- अस्रको नमाज** :- चार फर्ज।

**४- मगरिबको नमाज** :- तीन फर्ज तथा दुई सुन्नतहरू।

**५- इशाको नमाज** :- चार फर्ज, दुई सुन्नतहरू तथा एक वा तीन रकात वित्र।

दिन तथा रात्रिमा फर्ज नमाजहरूमा रकातहरूको संख्या सत्रह तथा सुन्नत नमाजहरूको रकातहरूको संख्या बारह र वित्र एक वा तीन रकात छ।

## वजूको तरीका

बिना वजूको नमाज हुँदैन (मु॰श॰)। वजु बिस्मिल्लाह भनेर शुरू गर्नु आवश्यक छ। बिस्मिल्लाह भनेर दुई हातलाई नारीसम्म तीन पटक धुने। फेरि अलिकति पानी

लिएर आधाले कुल्ला गर्ने र आधा पानी नाकमा हालेर देब्रे हातले नाक सफा गर्ने । यो प्रक्रिया तीन पटक दोहृयाउने । कुल्ला गर्न र नाकमा पानी हाल्न छुट्टा-छुट्टै पानी लिएर पनि गर्न सकिन्छ (बुखारी) । फेरि तीन पटक मुख (अनुहार) यस प्रकार धुने कि पानी चुइडोमुनि दाहृीमा हाल्दै ल्याउने र दाहृीको रौंमा दल्दै (खिलाल) गरेर पानी पुर्‍याउने (त्रिमिजी, शरीफ) । र हातको औंलाहरूमा खिलाल गर्ने (अबुदाऊद) । यदि औंठी लगाएको छ भने त्यसलाई हल्लाई दिने (मिशकात) । फेरि दायाँ हाथलाई कुइनोसम्म तीन पटक धुने, यसैगरी देब्रे हातलाई पनि कुइनोसम्म धुने । फेरि टाउको मसह (स्पर्श) यस प्रकार गर्ने कि दुइटै हात टाउको अग्र भाग (निधार बाट शुरू गरेर पछाडी मांसपेशीसम्म लैजाने, फेरी त्यहाँ बाट पहिले को स्थान सम्म ल्याउने जहाँ बाट शुरू गरिएको थियो (बुखारी शरीफ) । फेरि कानको मसह (स्पर्श) यस प्रकार गर्ने कि दुइटै चोर औंलाहरू दुइतिरको कान भित्र हालेर कानको पछाडी बूढी औंलाहरूले मसह गर्ने (मिशकात), तथा कानको मसह को लागि नयाँ पानी लिने (बलूगुलमराम) । फेरी पहिला दायाँ र पछि देब्रे खुट्टा घुँडा सम्म तीन पटक धुने र खुट्टाको औंला वीच खिलाल गर्ने । गर्दनको मसह गर्नु सिद्ध छैन ।

# वजू पछिको दुआ

वजू पछिको दोआ तपाईंले अरबी मा पढ्नु पर्छ। अत: त्यसलाई कुनै तरीकाले अरबीमा याद गरिहाल्ने।

**अशहदु अन्लाइलाह इल्लल्लाहो वहदहू ला शरीक लहू व अशहदु अन्न मोहम्मदन अब्दुहू व रसूलोहू। अल्लाहुम्मज् अलनी मेनत्तव्वाबीन वजअलनी मेनल मुततहहेरीन।**

अर्थात् म साक्षी दिन्छु कि अल्लाहबाहेक कोही पूजनीय छैन, त्यो एउटै हो र त्यसको कोही साझा छैन र साक्षी दिन्छु कि मुहम्मद (सल्ल०) उसका रसूल हुन्। हे ईश्वर ! मलाई तोबा गर्ने हरू मध्ये बनाई दिनुस् तथा सफासुग्घर रहने पवित्रहरू मध्ये बनाई दिनुस्।

# यी कारणहरूले वजू भंग हुन्छ

१-गहिरो नीद्रामा सुत्नाले (अबु दाऊद)

२- तल तिर बाट हावा फुस्क्यो भने (त्रिमिजी अबु दाऊद)

३- नशा वा बेहोशी बाट (त्रिमिजी अबु दाऊद)

४- नापाकी (अपवित्रता) ले

(त्रिमिजी अबु दाऊद)

५- दिशा-पिशाब गर्नाले (बुखारी व मुस्लिम)

६- स्त्री स्पर्श गर्नाले (सूरह निसा-४३)

७- लगातार रगत बग्नाले (बुखारी)

## मोजामाथि मसह

स्थायी रूपले बस्ने मान्छे ले एक दिन र यात्री तीन दिन सम्म मोजामाथि मसह गर्न सक्छ (मुस्लिम) । मसह को तरीका यो हो कि दुईटै हातहरू को पाँचौं औंलाहरू लाई पानीले भिजाएर दुईटै खुट्टाको मोजाबाट शुरू गरेर गोलीगांठहरूको माथि सम्म लै जाने । मसह खुट्टा माथि गर्न सुन्नत छ ; तल होइन (त्रिमिजी) ।

## तयम्मुम को वर्णन

यदि कुनै कारणवश नमाजको समयमा पानी भेटिएन वा पानी प्रयोग गर्ना ले कुनै हानि हुने पूरा डर छ भन्ने पवित्रताको नीयतले शुद्ध (सफा) माटोसित आफ्नो हात दल्नु र फेरी अनुहारमाथि हात फेर्नु लाई तयम्मुम भनिन्छ । यसको तरीका यो हो कि तयम्मुम को नीयत (विचार) ले बिस्मिल्लाह भनेर दुइटै हातहरू लाई माटोमा हान्नु र फेरी अनुहार र दुइटै हातहरूमाथि दल्नु (बुखारी) ।

# अजानको वर्णन

रसूलुल्लाह सल्लल्लाहु अलैही वसल्लमले हजरत बेलाललाई आदेश दिनु भयो कि अजान को वाक्य लाई दुई-दुई पटक भन्ने, तर शुरूमा अल्लाहु अक्बर चार पटक भन्ने र इकामत को वाक्य एक-एक पटक, तर शुरू तथा अन्तमा अल्लाहु अक्बर दुई-दुई पटक भन्ने र कद कामतिस्सलाह दुई पटक भन्ने ।

***अजानका वाक्यहरू यस प्रकार छन्***

**अल्लाहु-अक्बर, अल्लाहु अक्बर** (अल्लाह सबै भन्दा महान छ-२)

**अल्लाहु-अक्बर, अल्लाहु अक्बर** (अल्लाह सबै भन्दा महान छ-२)

**अशहदु अल्लाइलाह इल्लल्लाह** (म गवाही दिन्छु कि अल्लाह बाहेक अरू कोहि पुजनीय छैन)

**अशहदु अल्लाइलाहा इल्लल्लाह** (म गवाही दिन्छु कि अल्लाह बाहेक अरू कोहि पुजनीय छैन)

**अशहदु अन्न मुहम्मदर्रसूलुल्लाह** ।(म गवाही दिन्छु कि वास्तवमा मुहम्मद (सल्ल॰) अल्लाह का रसूल हुन्)

**अशहदु अन्न मुहम्मदर्रसूलुल्लाह** ।(म गवाही दिन्छु कि वास्तवमा मुहम्मद (सल्ल॰) अल्लाह का रसूल हुन्)

**हय्या अलस्सलाह । हअइय्या अलस्सलाह** ।(आऊ नमाजको लागि।आऊ नमाजको लागि)

**हय्या अलल्फलाह । हय्या अलल्फलाह** । (आउ छुटकारा पाउनको लागि-२)

**अल्लाहु-अक्बर, अल्लाहु अक्बर** (अल्लाह सबै भन्दा महान छ-२)

**ला इलाह इल्लल्लाह** (ईश्वर (अल्लाह) बाहेक अरू कोहि पूजनीय छैन)

फजरको अजानमा हय्या अलल्फलाह पछि दुई पटक यो वाक्य भन्नु पर्छ -

**अस्सलातु खैरूम् मिनन्नौम** १ (नमाज नीद्राभन्दा राम्रो छ)

## इकामत (तकबीर) को वाक्य

**अल्लाहु अक्बर-अल्लाहु अक्बर**

**अशहदु अल्लाइलाह इल्लल्लाह**

**अशहदु अन्न मुहम्मदर्रसूलुल्लाह**

**हय्या अलस्सलाह**

**हय्या अलल्फलाह**

**कदकामतिस्सलात, कदकामतिस्सलात**

**अल्लाहु अक्बर, अल्लाहु अक्बर**

**लाइलाह इल्लल्लाह**

अब्दुल्लाह - पुत्र उमरले भन्नु हुन्छ- कि रसूलुल्लाह (सल्ल॰) को समयमा अजानको वाक्य दुई-दुई पटक र तकबीर एक-एक पटक भनिन्थ्यो। कदकामतिस्सलात मात्र दुई पटक भनिन्थ्यो। (अबु दाऊद व निसाई)

अजान भन्ने बेलामा चोर औंलाहरू दुईवटै कानको प्वालमा हालिन्छ (इब्ने माजा)। हय्या अलस्सलाह भन्दा सोझो (दायाँ) तथा हय्या अलल्फलाह भन्दा उल्टा (देब्रे) तिर टाऊको घुमाउनु पर्छ। (इब्ने माजा)

## अजानको उत्तर

अजान दिने व्यक्ति (मोअज्जिन) ले जुन प्रकारले अजान दिन्छ उसको त्यसै प्रकारले उत्तर दिनु पर्छ। "हय्या अलस्सलात र हय्या अलल्फलाह" को उत्तरमा मात्र **लाहौला वला कुव्वत इल्ला बिल्लाह भन्नु पर्छ** (मुस्लिम)।

## इकामत (तकबीर) को उत्तर

अजान जस्तै इकामत (तकबीर) को पनि उत्तर दिनु पर्छ। मात्र **"कदकामतिस्सलात"** को उत्तरमा **"क़द्कामतिस्सलाह"** नै भन्नु पर्छ।

# अजान पछिको दुआ

रसूलुल्लाह (सल्ल॰) को भनाई छ कि जब अजान दिने व्यक्ति (मोअज्जिन) को आवाज सुन्नुस् भन्ने जसरी त्यो भन्छ त्यसै किसिमले उत्तर देऊ। अजान समाप्त भए पछि म माथि दरूद (शान्ति प्रार्थना) पठाऊ, जुन व्यक्तिले म माथि एक पटक दरूद पठाउँछ ईश्वर उसमाथि दस पटक कृपा पठाउने छ। (मुस्लिम)

# दरूद शरीफ

**अल्लाहुम्म सल्ले अला मोहम्मदिंव व अला आले मोहम्मदिन कमा सल्लैत अला इब्राहीम व अला आले इब्राहीम इन्नक हमीदुम्मजीद।**

**अल्लाहुम्म बारिक अला मोहम्मदिंव व अला आले मोहम्मदिन कमा बारक्त अला इब्राहीम व अला आले इब्राहीम इन्नक हमीदुम्मजीद।**

यसलाई अरबीमा तपाई पूर्ण रूपले घोकि हाल्नुस्।

**अनुवादः-** हे मेरो ईश्वर! इब्राहीम र इब्राहीमको परिवारमाथि पठाएको कृपा जस्तै मुहम्मद र मुहम्मदको परिवारमाथि पनि कृपा पठाऊ।

वास्तवमा तिमी महिमा र गुणगान को योग्य छौ। हे ईश्वर ! इब्राहीम र इब्राहीम को परिवारमाथि

पठाएको विभूतिजस्तै मुहम्मद र मुहम्मदको परिवारमाथि विभूति पठाउ । वास्तवमा तिमी महिमा र गुणगानको योग्य छौ ।

दरूद शरीफपछि यो दुआ पढ़नुस्, यसलाई पनि अरबीमै घोक्नु छ ।

**अल्लाहुम्म रब्ब हाजिहिद्दअ्वतित्ताम्मते वस्सलातिल काइमते आते मोहम्मदनिल वसीलत वल फजीलत वबअसहो मकामम्महमूद निल्लजी वअत्तह ।** (बुखारी)

**अनुवाद:-** हे ईश्वर ! यो पूरै दुआ र स्थापित हुन गइरहेको नमाज को प्रभु ! प्रदान गर, मुहम्मद (स॰) लाई माध्यम (स्वर्ग) तथा महिमा एवं उहाँलाई त्यो स्थानमा पठाऊ जसको तिमीले बचन दिएका छौ । (बुखारी)

जुन व्यक्तिले यो दुआ पढ्नेछ, उसलाई मुहम्मद (स॰) को शफाअत (प्रस्तावना) परलयको दिन प्राप्त हुनेछ ।

**अशहदो अल्लाहइलाह इल्लल्लाहो वहदहू लाशरीक लहू व अशहदो अन्न मोहम्मदन अब्दुहू व रसूलोहू रजीतो विल्लाहे रब्बन व बिमुहम्मदिन रसूलन व विल इस्लामे दीना ।**

**अनुवादः-** म गवाही दिन्छु कि ईश्वर बाहेक अरू कोहि पूजनीय छैन । ऊ एक्लै छ । उसको साझा कोहि पनि छैन । र निस्सन्देह मुहम्मद (स॰) उसको भक्त तथा दूत हुन् । म स्वीकार गर्छु अल्लाहको भुत्वलाई तथा मुहम्मदको ईशदूतत्वलाई एवं इस्लामको धर्म हुनुलाई । (मुस्लिम)

यी तीनवटै दुआहरू (दरूद शरीफ र उपरोक्त दुइवटै दोआ) को पाठ उत्तम हुन्छ ।

# मस्जिदमा प्रवेश गर्ने बेलाको दुआ

मस्जिदमा पहिला दायाँ खुट्टा राखेर यो दुआ अरबीमा पढ़नु पर्छ ।

**अल्लाहुम्मफतहली अब्वाब रहमतेक**

**अनुवादः-** हे ईश्वर मेरो लागि आफनो कृपाको ढोका खोलीदेऊ ।

# मस्जिद बाट बाहिर निस्कदा को दुआ

मस्जिदबाट बाहिर निस्किदा देब्रे खुट्टा पहिला बाहिर निकाल्नु पर्छ । फेरी यो दुआ अरबीमा पढ़नु पर्छ ।

**अल्लाहुम इन्नी अस्अलोक मिन फज्लेक** ।

**अनुवादः-** हे ईश्वर तिमी सित तिम्रो दया माग्दछु (मुस्लिम) ।

# नमाजको मसनून तरीका

नमाज शुरू गर्नु भन्दा पहिले सोझो किब्ला (मक्का वा काबा) तिर मुख (अनुहार) गरेर उभ्नु पर्छ (बुखारी)। तथा मनमा नमाज को नीयत (विचार) गर्नु पर्छ (बुखारी)। आफ्नो दुईवटै हात काँधसम्म उठाएर अल्लाहु अक्बर भन्नु पर्छ (बुखारी)। तथा दाहिने हातलाई माथि र देब्रे हातमाथि छातीमा राखेर बाँध्नु पर्छ अनि विस्तौर यो दुआ पढनु पर्छ।

# दुआ-ए-इस्तिफ्ताह

**'अल्लाहु अक्बर'** भनेर हाथ छाती माथि बाँधे पछि यो दुआ पढ़नु पर्छ।

**अल्लाहुम्म बाइद बैनी व बैन खतायाय कमा बाअदत बैनलमशरिके वल मगरिबे अल्लाहुम्म नक्केनी मिनलखताया कमा युनक्कसौबुल अब्यजो मिनद्दनसे, अल्लाहुम्मग्सिल खतायाय बिलमाए वस्सलजे वल बर्दे** (बुखारी व मुस्लिम)।

**अथवा यो दुआ पढ्नु पर्छ:**

**सुब्हानक अल्लाहुम्म व बेहम्देक व तबारकस्मोक व तआला जद्दोक व जल्ल सनाओक व लाइलाह गैरोक**। (अबू दाऊद)

यसपछि "अऊजु बिल्लाहि मिनश्शैतानिर्रजीम" पढ़नुस् अनि बिस्मिल्ला हिर्रहमानिर्रहीम पढेर सूरह फातिहा शुरू गर्नुस् ।

## ध्यान दिने योग्य कुरा

जहरी (आवाज दिएर) पढिने नमाजमा बिसमिल्लाहिर्र-हमानिर्रहीम आवाजले र सिर्री (मनमै) पढिने नमाजमा विस्तारै पढ़नु सिद्ध छ । यदि प्रत्येक नमाजमा स्तारै पढियो भने पनि कुनै फरक पर्दैन । (निसाई)

प्रत्येक नमाजमा बिसमिल्लाह पछि सूरह फातिहा पढनु पर्छ । फर्ज, सुन्नत, नफिल को प्रत्येक रकआतमा इमाम, मुकतदी तथा एकलै सबैको लागि सूरः फातिहा पढ्नु फर्ज (अति आवश्यक) छ । सूरह फातिहा बिना नमाज हुँदैन । (बुखारी व मुस्लिम)

## सूरः अलफातिहा

यो कुरआन को पहिलो सूरः हो । यसलाई घोक्नु अति आवश्यक छ ।

الحمد لله رب العالمين * الرحمن الرحيم * مالك يوم الدين * إياك نعبد و إياك نستعين * إهدنا الصراط المستقيم * صراط الذين أنعمت عليهم غير المغضوب عليهم ولا الضالين *

**अनुवादः-** सारा प्रशंसा अल्लाह (ईश्वर) को लागि छ । जो सम्पूर्ण जगतका प्रभु हुन् ।अत्यन्त कृपाशील तथा अत्यन्त दया वान् हुन। बदला दिने दिनको स्वामी हुन्। हामी तिम्रो नै पूजा गर्छौं र तिमी सित नै मद्दत माग्छौं। हामीलाई सोझो मार्ग देखाई देउ, उनको जुन तिम्रो कृपा पात्र भए, जुन प्रकोपका भागी भए, न तिनको मार्ग जुन पथभान्त भए- 'हे अल्लाह कबूल गर्नुस' ।

आवाज ले पढिने नमाजमा 'वलद्दालीन' पछि इमाम व मुकतदी दुवै ले स्वर तानेर 'आमीन' भन्नु पर्छ (त्रिमिजी व अबुदाऊद)। यस पछि कुरआन को कुनै पनि सूरः वा कम्तीमा तीन आयात लगातार जुन सजिलो लागोस् आवाज निकालेर पढिने नमाजमा आवाज निकालेर र विस्तारै पढिने नमाजमा मनमा पढ्नुहोस् । (बुखारी)

## सूरा: अल-इखलास

قل هو الله أحد * الله الصمد * لم يلد ولم يولد * ولم يكن له كفوا أحد *

**अनुवादः-** भन, त्यो अल्लाह (ईश्वर) (एउटै) छ । अल्लाह परिपूर्ण निस्पृह छ। न उसको कुनै सन्तान छ नत ऊ कसै को सन्तान हो। तथा उसको तुल्य कोहि पनि छैन।

# रूकुअ को वर्णन

मुस्लिमको धर्मग्रन्थ (कुरआनको) को सूरह वा आयत पढी सके पछि रूकूअ (निहुरिनु) पर्छ । रूकुअमा निम्नलिखित कुराहरूलाई ध्यानमा राख्नु पर्छ ।

रूकुअ गर्ने बेलामा 'अल्लाहु अक्बर' भनेर दुवै हात-लाई काँधसम्म उठाउनुस् । यसलाई रफएयदैन भनिन्छ । (मिशकात)

रूकुअमा पीठ्यूँ एकदमै सोझो हुनु पर्छ तथा टाउको त्योभन्दा तल वा माथि न होस् एवं दुवै हातको हत्केलालाई घुँडामा राख्नुस् (बुखारी व मुस्लिम) । औंलाहरू घुँडामाथि फैलाएर राख्नुस् । हातलाई सोझो तनकाएर घुँडालाई राम्ररी समाती राख्नुस् । (अबु दाऊद)

# रूकुअ को दोआ

**सुबहान रब्बियल अज़ीम** (तीन पटक) (अबु दाऊद) ।

**अर्थ :-** पवित्र छ मेरो महान प्रभु

# कौमाका दोआहरू

रूकुअबाट सोझो खडा हुनुलाई कौमा भनिन्छ । रूकुअबाट खडा हुँदै रफएयदैन गर्नुहोस् र सोझो खडा हुनुहोस् । यदि नमाजी (नमाज पढने मान्छे) एक्लै छ वा

त्यो इमाम छ भन्ने उसले निम्नलिखित दुआहरू पढ़नु पर्छ :-

**१- समीअल्लाहु लिमन हमिदह**

अल्लाह (ईश्वर) ले त्यसको दोआ सुनी हाल्यो जसले उसको प्रशंसा गर्यो ।

**२- रब्बना व लकलहमद**

"हे मेरो ईश्वर, तिम्रो नै प्रशंसा छ ।" यदि नमाजी मुकतदी छ भने उसले निम्नलिखित दोआ पढ़नु पर्छ :-

**रब्बना लकलहमदो हमदन कसीरन तय्यबन मुबारकनफीह :**

**अर्थः-** हे अल्लाह (ईश्वर), तेरोलागि नै प्रशंसा छ, अत्याधिक प्रशंसा, पवित्र र त्यसमा अधिकता दिइएको ।

# सज्दाको वर्णन

रूकुअबाट खडा भए पछि कौमाको दोआ सिधी सकेमा सज्दा (नतमस्तक) मा जाँदाखेरि पहिला दुवै हातलाई जमीनमा राख्नुस् त्यसपछि घुँडालाई राख्नुस् (अबु दाऊद) । सज्दामा नाक, निधार तथा दुवै हात यस प्रकार राख्नुस् कि हात काखीबाट टाढा होस् (बुखारी) तथा छाती, पेट र तिघ्रा जमीनभन्दा माथि राख्नुस्

(अबु दाऊद) । सज्दा गर्दा शरीरका सातवटा अंगहरू जमीनमा स्पर्श गर्नु अनिवार्य छ: निधार, दुवैहात, दुवै घुंडा तथा दुवै खुट्टाको पञ्जा (मुस्लिम) ।

सज्दाको यो तरीका स्त्री-पुरूष दुवैको लागि छ। स्त्रीको लागि बेग्लै किसिम को सज्दा सिद्ध छैन।

## सज्दाको दुआ

**सुब्हान रब्बियल आला** (तीन पटक)

पवित्र छ मेरो अति महान प्रतिपालक

अनि फेरि अल्लाहु अक्बर भन्दै जलसा (बसाई) को स्थितिमा बस्नुहोस्।

## जलसा इस्तेराहत (सज्दा पछि बस्नु) को वर्णन

सज्दाभन्दा पहिले टाउको उठाएर देब्रे खुट्टा फिंजाएर त्यसमाथि बस्नुस् तथा दायाँ खुट्टा ठाडो राख्नुस् र दायाँ हात दायाँ तिघ्रामाथि र देब्रे हात देब्रे तिघ्रामा यस प्रकार राख्नुस् कि औंलाहरू किब्ला (काबा) तिर तथा घुंडाको नजीक होस् (निसाई) अनि यो दुआ पढ़नुहोस् –

**अल्लाहुम्मगफिरली वरहमनी व आफिनी वह्दिनी वरजुकनी** (त्रिमिजी)।

पहिलो सज्दाझैं दोस्रो सज्दा मा "अल्लाहु अक्बर" भन्दै जानुस् तथा सज्दा को दुआ तीन पटक पढ़्दै दोस्रो

वा चौथो रकातको लागि उभ्नुस, तर जलसा इस्तराहत गरेर खडा हुनु पर्छ (बुखारी) | जलसा इस्तेराहतपछि दोस्रो वा चौथो रकातको लागि पहिलो बैठकपछि तेस्रो रकातको लागि उठने बेलामा पहिला दुबै घुँडा, फेरी दुबै हात उठाउनुस् |

## तशहहुद को दुआ

पहिलो काअद: (दोस्रो रकातको दोस्रो सज्दा पछि को बैठक) मा सज्दाको मध्यमा जुन प्रकारले बसिन्छ त्यसै प्रकारले बसेर यो दुआ पढनुस् :

**अत्तहीय्यातो लिल्लाहि वस्सलवातो, वत्तय्यिबातो,**

**अर्थ:-** सबै प्रशंसा तथा नमाजहरू र हरेक पवित्र बस्तुहरू ईश्वरको लागि छ |

**अस्सलामो अलैक अय्योहन्नबीयो,**

**अर्थ:-** हे ईश्वरका दूत, तपाईंमाथि सलाम (शान्ति) होस् |

**वरहमतुल्लाहि व बरकातुहु**

**अर्थ:-** तथा ईश्वरको कृपा र उसका विभूतिहरू अवतरित होउन् |

**अस्सलामो अलैना वअला इबादिल्लाहिस्सालिहीन**

**अर्थ :-** सलाम (शान्ति) होस् हामीमाथि र अल्लाह (ईश्वर) का सत्कर्मी भक्तहरूमाथि ।

**अशहदो अल्लाइलाह इल्लल्लाह**

**अर्थ:-** म गवाही दिन्छु कि अल्लाह (ईश्वर) को अतिरिक्त अरू कोहि पूजनीय छैन ।

**व अशहदो अन्न मुहम्मदन अब्दूहु व रसूलूहु**

**अर्थ:-** तथा गवाही दिंदैछु कि मुहम्मद (स॰) ईश्वरका भक्त र दूत हुन् । (सर्वमान्य)

पहिलो काअद: तथा दोस्रो काअद: मा तशहहूदको दोआ पढने बेलामा दायाँ हातका औंलाहरू मोडेर कलमाको औंला (चोर औंला) खुल्ला राखेर त्यसले इशारा (संकेत) गर्नु पर्छ । तीन तथा चार रकातको नमाजमा पहिलो काअद: बाट उठे पछि "अल्लाहु अक्बर" भन्दै रफएयदैन गर्नु पर्छ (बुखारी) । फर्जको तेस्रो र चौथो रकातमा सूर: फातिहा मात्र पढ़नु पर्छ (बुखारी व मुस्लिम) ।

## अन्तिम काअद: (अन्तिम बैठक)

अन्तिम बैठकमा बस्नको लागि दायाँ खुट्टा पश्चिम (किबला) तिर ठड्याएर तथा देब्रे खुट्टा फिंजाएर त्यसमाथि बस्नु पर्छ । यस प्रकार बस्ने तरीकालाई

"तवर्रूक" भनिन्छ। फेरी तशह्हुद (अत्तहियात) पढेपछि दरूद शरीफ (शान्ति प्रार्थना) पढनु होस्।

## दरूद शरीफ

**अल्लाहुम्म सल्ले अला मोहम्मदिंव व अला आले मोहम्मदिन कमा सल्लैत अला इब्राहीम व अला आले इब्राहीम इन्नक हमीदुम्मजीद।**

**अल्लाहुम्म बारिक अला मोहम्मदिंव व अला आले मोहम्मदिन कमा बारक्त अला इब्राहीम व अला आले इब्राहीम इन्नक हमीदुम्मजीद।**

## दरूद शरीफपछिका दुआहरू

**१- अल्ला हुम्म इन्नी जलम्तो नफ्सी जुल्मन कसीरंव वला यगफिरूज्जोनुब इल्ला अन्तफगफिर्ली मग़्फिरतम मिन इन्दिक वरहमनी इन्नक अन्तल गफूरूर्रहीम**। (बुखारी व मुस्लिम)

**अर्थ:-** हे अल्लाह (ईश्वर) मैंले आफूमाथि धेरै अन्याय गरेको छु। तिमीबाहेक पापलाई क्षमा गर्ने अरू कोहि छैन। तिमी नै आफ्नो विशेष कृपाले मलाई क्षमा गरिदेऊ र म माथि दया गर, वास्तवमा तिमी नै क्षमा गर्ने कृपालु हौ।

२- **अल्लाहुम्म इन्नी अऊजोबिक मिन अजाबिल कबरी व अऊजोबिक मिन फितनतिल मसीहिद्दज्जाल व अऊजोबिक मिन फितनतिल महया व फितनतिल ममात । अल्लाहुम्म इन्नी अऊजोबिक मिनल मअ सृमि व मिनल मगरम** (बुखारी व मुस्लिम) ।

**अर्थः-** हे अल्लाह (ईश्वर) ! तिम्रो शरण चाहन्छु चिहानको प्रकोपबाट र तेरो शरण चाहन्छु मसीह दज्जाल (अन्धकासुर) को उपद्रवबाट, शरण चाहन्छु जीवन र मृत्यूको उपद्रवबाट । हे अल्लाह (ईश्वर), म शरण चाहन्छु पाप र ऋणबाट ।

यस पछि आफ्नो मुख सोझो दायाँतिर गरेर भन्नुस् **"अस्सलामो अलैकुम वरहमतुल्लाह"** (अर्थः- सलामती (शान्ति) होस् तिमीमाथि र अल्लाहको कृपा होस्) र त्यहींबाट अनुहारलाई देब्रेतिर फर्काउँदै त्यसै प्रकार भन्नुस् **"अस्सलामो अलैकुम वरहमतुल्लाह"** । (अबु दाऊद)

## सलाम पछिका दोआहरू एवं अज़कार

सलाम पछि इमाम व मुकतदीले उच्च स्वरमा **"अल्लाहु अक्बर"** भन्नु पर्छ र तीन पटक **"अस्तगफिरूल्लाह"** भन्नु पर्छ (मुस्लिम) । फेरी यो दोआ पढ़नु पर्छ ।

**रब्बि अइन्नी अला जिक्रिक व शुक्रिक व हुस्नि इबादतिक।**

**अर्थः-** हे मेरो प्रभु, मेरो सहायता गर आफ्नो जिक्र (स्मरण) मा र आफ्नो शुक्र (कृतज्ञता-व्यक्ति) मा एवं आफ्नो राम्रो इबादत (उपासना) मा।

**लाइलाह इल्लल्लाहो वहदहू लाशरीक लहू, वलहुलमुल्को व लहुलहम्दो व हुवा अला कुल्लि शैइन क़दीर। अल्ला हुम्म ला मानेअ लिमा आतैत वला मुतीअ लिमा मनअ्त वला यनफ्ऊ जल जद्दे मिनकलजद्द** । (बुखारी र मुस्लिम)

**अर्थः-** अल्लाहबाहेक अरू कोहि पूजनीय छैन। ऊ एक्लै छ, उसको कोहि साझा छैन। उसैको लागि राज्य छ, उसैको लागि प्रशंसा छ । ऊ हरेक वस्तुमाथि सामर्थ्यवान् छ। हे अल्लाह जे तिमीले दिन्छौ त्यसलाई रोक्ने कोहि छैन र जे तिमीले रोकी दिन्छौ त्यसलाई दिने कोहि छैन। धन तिम्रो प्रकोप बाट फाईदा दिदैन।

**अल्लाहुम्म इन्नी अऊजोबिक मिनलजुब्नि व अऊजोबिक मिनलबुखली व अऊजोबिक मिन अरजलीलऊमरि व अजोबिक मिन फितनतिद् दुनिया व अजाबिल कब्र**। (बुखारी)

**अर्थ**:- हे अल्लाह ! तिम्रो शरण चाहन्छु कायरता-बाट, तेरो शरण चाहन्छु कन्जूसीबाट, तिम्रो शरण चाहन्छु खराब जीवनबाट र तिम्रो शरण चाहन्छु संसार र कब्र (चिहान) को प्रकोप बाट ।

यी दुआहरूका अतिरिक्त ३३ पटक "**सुब्हानल्लाह**" ३३ पटक "**अलहमदोलिल्लाह**" र ३३ पटक "**अल्लाहु अक्बर**" तथा एक पटक "**लाइलाह इल्लल्लाहु वहदहू ला शरीक लहु लहुलमुल्को व लहुल हमदो बहुव अला कुल्लि शैइन कदीर**" पढ़नुहोस् । यी दोआहरूपछि आयतल कुर्सी पढ़नुहोस् ।

# आयतल कुर्सी

**الله لا إله إلا هو الحي القيوم لا تـأخذه سنة ولا نـوم لـه ما في السماوات و ما فـي الأرض من ذا الـذي يشفـع عنـده إلا بإذنـه يعلم ما بيـن أيديـهم وما خلفـهم و لا يحيطـون بشئ من علمه إلا بـما شاء وسع كرسيه السماوات والأرض ولا يؤده حفظهما و هو العلي العظيم.**

**अर्थ**:- अल्लाहको अतिरिक्त कोहि पूज्ने योग्य छैन । ऊ सधैं जीवित र यथावत् रहने छ । उसलाई न ऊँघ आउँछ न निद्रा । आकाश र पृथ्वीका सबै थोक उसैको हो । को छ जो ईश्वर समक्ष कसैको

सिफारिश उसको आज्ञा बिना गरोस्। उसलाई थाहा छ जे जाति मान्छेहरूको सामुन्ने र तिनको पछाडि छ। तिनले उसको ज्ञानबाट केही घेर्न सक्दैन। उसको कुर्सीले आकाश र पृथ्वीलाई आफ्नो अन्तर्गत लिई राखेको छ। र उनको रक्षा उसलाई तथा ऊ अत्यन्त महान छ।

## वित्रको नमाज

वित्रको नमाज एक वा तीन रकात पढ्नु पर्दछ। वित्र रात्रिको अन्तिम नमाज हो।

## दोआ–ए–कनूत–ए–वित्र

वित्रको अन्तिम रकातमा रूकुअपछि कनूत को यो दोआ पढ्नु पर्दछ।

**अल्लाहुम्म इहदिनी फीमन हदैत व आफिनी फीमन आफैत, व तवल्लनी फीमन तवल्लैत व बारिकली फीमा आतैत वकिनी शर्रमा कदैत। फइन्नक तकदि वला युकदा अलैक, इन्नहू ला यजिल्लो मंव् वालैत व ला यइज्जो मन आदैत, तबारकत रब्बना व तआलैत, नस्तगफिरोक वनतूबो इलैक।** (त्रिमिजी)

**अर्थः-** हे अल्लाह (ईश्वर) ! मलाई हिदायत (मार्गदर्शन) देऊ उनीहरूसंग जुनलाई तिमीले हिदायत दियौ, आफियत (शान्ति) देऊ मलाई उनीहरूमा जुनलाई तिमीले आफियत दियौ। मित्र राख मलाई उनीहरूमा जुनलाई तिमीले मित्र राख्यौ । र बरकत (उन्नति) देऊ मलाई त्यो वरदानमा जुन तिमीले मलाई दियौ; अनि बचाऊ मलाई त्यो अशुभबाट जसको तिमीले फैसला गरेका छौ । तिमीले नै फैसला गर्छौ तिमीमाथि कसैको फैसला हुँदैन । जसलाई तिमीले मित्र बनाउँछौ त्यसलाई अपमानित गर्ने कोहि छैन। र जसलाई तिमीले दुश्मन (शत्रु) बनायौ भन्ने त्यसलाई सम्मान दिने कोहि हुँदैन । बढोत्तरी (बरकत) वाला हौ तिमी हे मेरो प्रभु ! र महान छौ । हामी तिमीसित माफी चाहन्छौ र तिमीतर्फ ध्यान गर्छौं।

## वित्र पछि को जिक्र वा दुआ

वित्रको सलाम पछि तीन पटक यो भन्नु पर्छ।

**"सुब्हानलमलिकिल कुद्दुस"** तेस्रो पटक उच्च स्वरमा तानेर भन्नु पर्छ। (अबु दाऊद)

# कनूत-ए-नाज़ेला

युद्ध तथा शत्रुको विजयको भयको बेलामा यो दोआ-ए-कनूत पढ़नु पर्दछ। यसलाई कुनूत-ए-नाज़िला भनिन्छ। यो दुआ निम्नलिखित छ।

**अल्लाहुम्मग् फिरलना वलिल्मोमिनीन वल मोमिनात वल मुस्लिमीन वल मुस्लिमात व अल्लिफ बैन कूलूविहिम व अस्लिह जात बैनिहिम वन्सुरहुम अला अदुव्वेक व अदुव्विहिम, अल्लाहुम्मल अनिलकफरत अल्लजीन यस्वुद्दून अन सबीलिक वयुकज्जिबून रोसोलक व यूकातिलून औलियाअक। अल्लाहुम्म खालिफ बैन कल्मितिहिम व जल्जिल अकदामहुम व अन्जिल विहिम बासकल्लजी ला तरूद्दूहू अनिलकौमिल मुजिरिमीन। अल्लाहुम्म इन्ना नजअलुक फी नुहूरिहिम व नऊजबिक मिन शुरूरिहिम**। (हिस्नहसीन)

**अर्थः-** हे अल्लाह (ईश्वर)! क्षमा गर हामी ईमान्दार पुरूष तथा स्त्रीहरूलाई, मुसलमान पुरूष र स्त्रीहरूलाई, तथा उनीहरूको हृदयमा लगाव पैदा गरि देऊ, र उनीहरूमा संन्धि र मेलमिलाप गराई देऊ, तथा आफ्नो र उनको शत्रुहरूमाथि उनको सहायता गर। हे अल्लाह (प्रभु)! ती नास्तिकहरूमाथि धिक्कार पठाऊ जुन तिम्रो

बाटोबाट रोक्छन, र तिम्रा दूतहरूलाई झूठा भन्छन् र तिम्रा मित्रहरूसित लड़ाई गर्छन्। हे अल्लाह (ईश्वर), तिनीहरूमा गरिदेऊ र उनीहरूका पाइला हल्लाइ देऊ र उनीहरूमाथि आफ्नो प्रकोप पठाई देऊ जसलाई तिमीले मुजरिमबाट फिर्ता गर्दैनौ । हे प्रभु ! हामी तिमीलाई तिनको विरूद्ध खडा गर्छौं र उनीहरूको दुष्टताबाट तिम्रो शरण चाहन्छौं ।

## नमाजको लागि आवश्यक कुराहरू

१- नमाज समूह (जमाअत) मा पढ़नाले सत्ताइस गुना सवाब (प्रतिफल) पाइन्छ । (बुखारी व मुस्लिम)

२- इमामको साथमा एक जना भए पनि जमाअत (समूह) मानिन्छ । (बुखारी व मुस्लिम)

३- पंक्ति (सफ)लाई सीधा गर्नाले नमाज पूर्ण हुन्छ । (त्रिमिजी)

४- पंक्तिहरू (सफहरू) को बीचमा ठाउँ छोड्नु हुँदैन । (अबु दाऊद)

५- यात्रीहरूले चार रकात भएको नमाजलाई घटाएर (कस्र गरेर) दुई रकात पढ़नुपर्छ । (मुसनद-ए-अहमद)

६- यात्रामा दुई समयको नमाज एकै पटक पढ़नु पनि उचित छ। (मुसनद-ए-अहमद)

७- नमाजी भुलेर (विर्सेर) नमाज कम वा अधिक पढ्यो भने सिज्द: सहू गर्नु जरूरी छ, कम भयो भन्ने कमीलाई पूरा गरे पछि सज्द: सहू गर्नु पर्छ।

८- सज्द: सहू सलाम भन्दा पहिले गर्नु पर्छ। (बुखारी)

# जुमाको वर्णन

जुमाको नमाज दुई रकात अनिवार्य (फर्ज) छ। जुमाको समय जोहर को समय हो (बुखारी)। गाउँ, शहर तथा हरेक स्थानमा जुमा फर्ज (जरूरी) छ। जुमाको खुत्बा (प्रवचन) अनिवार्य छ। जुमाको दिन खुत्बा भन्दा अगाडि सुन्नत नमाज जति पढे पनि हुन्छ।

जुमापछि चार रकात सुन्नत पढ़नु सर्वोत्तम हुन्छ, दुई रकात पढ़नु पनि जायज छ। यदि दुई रकात नै पढ़नु छ भने घर गएर पढ़नु अत्योत्तम हुन्छ। जुन व्यक्ति अजानपछि मस्जिदमा आउँछ र इमाम खुत्बा दिइरहेको छ भन्ने दुई रकात पढेर खुत्बा सुन्नु पर्छ। (मुस्लिम)

# ईदैन (दुइटै तिहारहरू) को नमाज को वर्णन

ईदको नमाज दुई रकात मात्र सुन्नत मुअक्किद: छ। ईदको नमाज विहानै सूर्योदय हुने वित्तिकै पढ़नु राम्रो हुन्छ। ईदको नमाजको लागि अजान र इकामत भन्नु पर्दैन (सर्वमान्य)।

ईदको नमाजमा पहिलो रकातमा तकबीर तहरीमा-पछि सात पटक तकबीरहरू (अल्लाहो अक्बर) र दोस्रो रकातमा पाँच पटक तकबीरहरू भन्नु पर्छ। हरेक तकबीरका साथ रफायदैन गर्नु उचित छ। इदैन को नमाजभन्दा पहिले वा पछि कुनै सुन्नत वा नफिल पढ़नु हुँदैन।

## ईदैनको तकबीर

ईदगाह जाने बेलामा वा फर्किने बेलामा उच्च आवाज आउने गरी तकबीर पढ़नु पर्छ।

**अल्लाहु अक्बर - अल्लाहु अक्बर**

**ला इलाह इल्लल्लाह व अल्लाहु अक्बर - अल्लाहु अक्बर व लिल्लाहिल् हमद।**

**अर्थ:-** अल्लाह (ईश्वर) सबैभन्दा ठूलो छ, ईश्वर सबैभन्दा महान छ। अल्लाहबाहेक अरू कोहि पूजनीय छैन। अल्लाह सबैभन्दा महान छ।

अल्लाह सबैभन्दा महान छ । तथा सबै प्रशंसा अल्लाह (ईश्वर) को लागि छ।

## नमाज – जनाज:को वर्णन

नमाज-जनाज: को लागि सबै नमाजहरू जस्तै, वजू, पश्चिम (किबला) तिर मुख, शरीर ढाकिएको, र नीयत जरूरी छ । जनाज:मा चार तकबीर भन्नु पर्छ। नमाज जनाज:मा पनि सूर: फातिहा पढ़नु जरूरी छ। (बुखारी)

## जनाज:को नमाजको दुआ तथा विधि

पहिलो तकबीर पछि सूर: फातिहा र अरू कुनै दोस्रो सूर: मिलाएर पढ़नु पर्छ। (बुखारी)

दोस्रो तकबीर पछि दरूद शरीफ पढ़नु पर्दछ। तेस्रो तकबीर पछि निम्नलिखित दुआहरू पढ्नु होस् :-

**१. अल्लाहुम्मगफिर लिहय्यिना व मय्यितिना व शाहिदना व गाइबिना व सगीरिना व कबीरिना व जक्ररिना व उन्साना। अल्लाहुम्म मन अहय्यतहू मिन्ना फअहयिही अलल इस्लामि व मन तवफ्फैतहू मिन्ना फतवफ्फहू अलल्ईमान। अल्लाहुम्म लातहरिमना अजरहू व ला तफतिन्ना बादहु** । (मुस्लिम)

**२. अल्लाहुम्मगफिरलहू व अरहमहू व आफीही व आफो अनहू व अकरिम नूजूलहू व वस्सीअ मदखलहू व अगसिलहू बिलमाइ वस्सलजि वलबरदि व नक्केही मिनलखताया कमा नक्कैतस्सौबलअबयद मिनद्दनसि व अब दिलहू दारन खैरममिनदारिही व अहलन खैरनम्मिन अहलेहि व जौजन खैरम्मिन जौजिही व अदखिलहूल् जन्नत व अइजहू मिन अजाबिलकब्रे व अजाबिन्नार।** (मुस्लिम)

**अर्थः-** १. हे अल्लाह (ईश्वर) ! क्षमागर हाम्रा जीवितहरूलाई र मृतकहरूलाई, हाम्रा उपस्थित र अनुपस्थितहरूलाई, हाम्रा नबालक र प्रौढहरूलाई, हाम्रा पुरूष तथा महिलाहरूलाई । हे अल्लाह ! हामीमध्ये जसलाई जीवित राख भन्ने इस्लाममा राख, मृत्यु देऊ भन्ने इमानमा मृत्यु देऊ, हे अल्लाह (ईश्वर), हामीलाई यसको पुण्यबाट पञ्चित नगर्नुस् र त्यसपछि हामीलाई खराब काममा न हाल्नु ।

२. हे अल्लाह (ईश्वर) ! यस लाई क्षमा गरिदेऊ, यसमाथि कृपा गरेर शान्ति देऊ, यसलाई क्षमागर, यसको आतिथ्य सम्मानले गर, यसको कब्र (चिहान) लाई फराकिलो बनाई देऊ । यसको पापलाई पानी, बर्फ तथा ओलो बाट धोई देऊ ।

यसको त्रुटिहरूलाई यस प्रकार सफा गरिदेऊ जसरी तिमीले सेतो लुगालाई मैलबाट सफा गर्यौ। यसको घरलाई राम्रोभन्दा राम्रो घरले बदली देऊ। यसका परिवारलाई राम्रो परिवारले परिवर्तित गरि देऊ, यसको पत्नीलाई राम्रो पत्नीले परिवर्तित गरिदेऊ, यसलाई स्वर्गमा प्रवेश गराई देऊ, र यसलाई कब्रको यातनाबाट र नरक को प्रकोप–बाट बचाऊ।

यदि बच्चाको जनाजा हो भन्ने तेस्रो तकबीरपछि **"अल्लाहुम्मगफिर लिहय्यिना व मइय्यतिना"** पढेर यो दुआ पढ्नु पर्छः **"अल्लाहुम्म अजअलहू लना सलफन व फरतन् व अजरा।"** (बुखारी)

**अर्थ** :– हे अल्लाह ! यसलाई मेरो लागि "पेशरौ" (अगुवा) तथा पहिलेदेखि तयारी गर्ने एवं सवाब (पुण्य) को माध्यम बनाई देऊ।

पुरूषको जनाजा हो भन्ने इमामलाई मृतकको टाउको निर खडा हुनु पर्छ । यदि महिलाको जनाजा हो भन्ने इमामलाई जनाजाको मध्य भागको नजीक खडा हुनु पर्छ । (अबु दाऊद)

**समाप्त**

## محتويات هذا الكتاب :

١ - كيف تتوضأ .

٢ - صفة صلاة الرسول صلى الله عليه وسلم .

٣ - صلاة الوتر .

٤ - صلاة الجمعة والعيدين .

٥ - صلاة الجنائز .

## المكتب التعاوني للدعوة والإرشاد
## وتوعية الجاليات في منطقة البطحاء

تحت إشــــراف
وزارة الشؤون الإسلامية والأوقاف والدعوة والإرشاد



ص.ب: ٢٠٨٢٤ الرياض ١١٤٦٥

هاتف: ٤٠٣٠٢٥١
٤٠٣٠١٤٢
٤٠٣٤٥١٧ — ٠٠٩٦٦ -١
٤٠٣١٥٨٧
فاكس: ٤٠٥٩٣٨٧

هاتف وفاكس صالة المحاضرات بالبطحاء
٠٠٩٦٦ -١ - ٤٠٨٣٤٠٥



حقوق الطبع محفوظة للمكتب

لا يسمح بطبع أي جزء من هذا الكتاب إلا بعد موافقة خطية مسبقة من المكتب



## COOPERATIVE OFFICE FOR CALL AND GUIDANCE IN AL- BATHA

UNDER THE SUPERVISION OF
MINISTRY OF ISLAMIC AFFAIRS,
ENDOWMENTS, PROPAGATION AND GUIDANCE



PO. BOX:20824 RIYADH.11465

4030251
4034517
00966-1 — 4031587
4030142
FAX — 4059387

Lecture hall. Tel + Fax: 00966- 1- 4083405



© All rights reserved for the Office

No part of this book may be used for publication without the written permission of the copyright holder, application for which should be addressed to the office

# كتاب الصلاة

باللغة النيبالية

تأليف

الشيخ/ مختار أحمد الندوي

ترجمة

ضمير أحمد عباس

# كتاب الصلاة

( باللغة النيبالية )

تأليف

الشيخ / مختار أحمد الندوي

ترجمة

ضمير أحمد عباس

ردمك: ٩٩٦٠-٧٩٨-٥٠-X

٦٠

المكتب التعاوني للدعوة والإرشاد - قسم الجاليات - بالبطحاء

١/١/١٤٢٠هـ